SQP(MS)

(2025-2026)

Code: 024

**विषय नेपाली**

**कक्षा - X**

| | | |
|---|---|---|
| **खण्ड 1**<br>**बहुवैकल्पिक प्रश्नहरू** | | |
| **1.** | **निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस्।** | |
| **i.** | A. वि.सं. १९९५। | **1** |
| **ii.** | B. पहिलाको नाम लामो भएकाले जिब्रोबाट कम्ति गर्नको निम्ति। | **1** |
| **iii.** | C.खुसेथाङ स्कूलबाट। | **1** |
| **iv.** | C. एम्.ए. तहसम्मका निम्ति। | **1** |
| **v.** | B. काठमाडौबाट। | **1** |
| **2.** | **निम्नलिखित कवितांश पढेर सोधिएका प्रश्नहरूको सही विकल्प लेख्नुहोस्।** | |
| **i.** | A.पुस्तकले | **1** |
| **ii.** | B.अक्षर-अक्षरमा। | **1** |
| **iii.** | D.'तिमी'लाई। | **1** |
| **iv.** | C. असल। | **1** |
| **v.** | B.न्याय। | **1** |
| **3.** | **निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प लेख्नुहोस्।** | |
| **i.** | B.कर्मधारय समास। | **1** |
| **ii.** | C.तत्पुरुष समास। | **1** |
| **iii.** | A.सम्प्रदान कारक। | **1** |
| **iv.** | C. को, का, की। | **1** |
| **v.** | A. शब्दहरूको मेल। | **1** |
| **vi.** | C. लास। | **1** |
| **vii.** | D. प्रतिशब्द। | **1** |
| **viii.** | B. अमर। | **1** |

| | | |
|---|---|---|
| ix. | A. विलोम शब्द। | 1 |
| x. | B. विग्रह। | 1 |
| | **खण्ड 2**<br>**वर्णनात्मक प्रश्न** | |
| 4. | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| i | **क)** सीता सुखी र सन्तोषी छिन्।<br>**ख)** बिहान हुनासाथ चराहरू चिरबिराए। | 2 |
| ii | **क)** त्यो धनी मानिस थियो तर लोभी थियो।<br>**ख)** जो चोर छ त्यसलाई पुलिसले पक्रिन्छ। | 2 |
| iii | **क.** कुनै विशेष काम लिएर जाँदा अर्को काम पनि सँगै गर्नु।<br>**ख.** इन्छा भएमा सबै कुरा सम्भव हुन्छ। | 2 |
| 5. | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| i. | चामे ससुरालीको घरमुन्तिर पुग्दा गौँथली गाउँदेखि माथि वनको छेउमा घाँसको भारी बिसाएर गीत गाउँदै थिई। | 2 |
| ii. | डा. नानोले फेरसको मुहारमा उदासी र विरक्ति हटायन उसकी प्रेमिका क्लोरिना जस्तै अर्की क्लोरिना तयार गरेर फेरसलाई दिए।<br>वा<br>संसारमा दानवताको उत्पत्ति सोझाहरूकै कारणले गर्दा हुन्छ। सोझाहरूको सीधापन, लठ्याङ्ङ्गो व्यवहार,छक्का पञ्जाको अज्ञानता आदिका कारण मानिसहरूमादानवताको भावना जागृत हुन्छ र त्यस्ता सीधा, सोझाहरूलाई ठग्न, लुट्न हेप्नका निम्तिदानव, दुष्ट, दुर्जन निस्कन्छ। त्यसैले हामीले सोझा मानिसलाई समाजबाट सिध्याउन पाए दुर्जनको जन्म हुँदैन भनेर निबन्धकारले यसो भनेका हुन्। | 2 |
| iii. | कालेको बाउ र आमा राती पानी परिरहेको बेला गोठमा गएर गाईको छानामा ओड़ाएको टीन मिलाएर आएपछि जब तिनीहरूले लुगा फेरे, त्यतिबेला उनीहरूलाई नाटकमा माग्नेको भूमिकामा खेल्ने पात्र जस्ता देखिएका थिए। | 2 |
| iv. | मन एकाङ्कीका पात्र-पात्राहरूः सुलोचना, भानुराज, प्रदीप, करूणा, सरमान। | 2 |

| | | |
|---|---|---|
| v. | चामे मिलनसार तर अलिक धेरै रिस भएको व्यक्ति थियो। उ खेतीपाती गर्ने खेतीवाला र आफ्नो कमाइमा बाँच्ने र निम्नआय भएको व्यक्ति हो। जति रिसाउँथ्यो त्यतिकै स्नेह भएको व्यक्ति थियो। | 3 |
| vi. | कालेको घरमा राती हुरी चलेको समयमा हुरीले बिगारेका गाईको गोठका टुक्रा च्यादरहरू र टिनहरू बटुबाटुल पारेर कालेको बाउ र कालेकी आमाले मिलाए, घर नै उड़ाउला जस्तो गरेकाले कालेको बाउले धुरीको बलोमा दाम्लो बाँधेर तल जाँतोमा बाँध्यो, बाहिर आँगनमा पहिरो गयो इत्यादि। | 3 |
| 6. | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| i. | 'इस् पढ्छु तेरो कविता' कविताको भावः आजका मानिसहरू धन-सम्पत्ति तथा भौतिक सुख सुविधामा मस्त भएर समय बिताउन रूचाउँछन्। कला, साहित्य, संस्कृति जस्ता कुराहरूतिर आजका मानिसहरूमा अलिकति पनि रूचि छैन। पैसा कमाउनु, ठूला ठूला सुविधा सम्पन्न घर बनाउनु, छोराछोरीलाई बाहिर पढ्न पठाउनु, आफू तास,जुवा, जाँड़, रक्सीमा मस्त हुनु, अचाहिंदो कुरामा व्यस्त हुनु आजका मानिसहरूको रूचि रहेको कवितामा बताएका छन्। | 3 |
| ii. | देवकोटाले यात्रीहरूलाई मन्दिरमा धाउन छोड़ेर मानिसहरूको पाउ समाऊ, गरीब दुःखीहरूको दुःखमा मलम लगाऊ, अनि तिनीहरूको दुखित अनुहारलाई खुशी बनाऊ र मानवीय व्यवहार गर भनेका छन्। | 3 |
| iii. | हामी हाम्रै वरिपरी भएका नजीकका प्रतिभालाई चिन्न खोज्दैनौ। टाड़ाबाट आएका व्यक्तिको बोलीमा विश्वास गर्छौं तर हाम्रै वरिपरि रहेका प्रतिभाशाली व्यक्तिलाई वास्ता गर्दैनौं। नजीकका प्रतिभाको सम्मान गर्ने परिपाटिको शुरूवात गर्नुपर्नेमा त्यसको वास्ता गर्दैनौ। यी र यस्तै कारणले गर्दा कविले धरतीका ताराहरू अवहेलनामा परेको बताएका छन्। | 3 |
| iv. | हुँदैन बिहान मिरमिरेमा तारा झरेर नगए। बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।।<br>उक्त उक्तिले उज्यालो हुनको निम्ति चम्किला तारा झरेजस्तै मुलुक बनाउनको निम्ति देशका सपुतहरूको बलदानी भएकै हुन्छ भन्ने विचारलाई अघि सारेको छ। | 3 |
| v. | 'सत्य सन्देश' कवितामा कविले हाम्रो दृष्टि दोषी छ भने माता पिताका वचन, गुरुजनको आदेश, सत्य मित्र, गृह परिधनको चाल, पत्नीको प्रेम, वेदका वाक्य सबै दोषी देखिन्छ भनेका छन्। | 3 |

| | | |
|---|---|---|
| 7. | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| i. | द्वारेको घरमा जाँदै जाँदै उसले त्यो मार्ने मान्छेको पछि किन नगएको भनेर द्वारेले सोध्यो भने, अघि दिउँसोको झगडामा उसले विभिन्न प्रकारका कुरा गरेको जस्ता कुरा सम्झेर उ एकछिन अड़ियो र उसैले मारेको शंका गर्छ भनेर त्यहाँबाट रने फर्किएको थियो। | 2 |
| ii. | लक्ष्मीको लोग्नेले क्यानाडामा नै अर्को घरजाम गरेकाले आफ्नो घर फर्किन सकेको थिएन।<br>वा<br>आफ्नो अस्मिता जोगाउनको निम्ति सोनामणिले पुलबाट हाम फालेकी थिई। | 2 |
| iii. | "ओहो! मैले त यस्तो ............. त्यसको के अर्थ छ र।"<br>यो वाक्य सुरीले जुनीलाई भनेकी हो।<br>जुनीले कोठाबाट बूढ़ो रूखको पात झरेको गनिरहेको बेला, उसले त्यो पातको अन्तिम पात झरेको दिन मेरो पनि मृत्यु हुन्छ भनेको बेला उक्त वाक्य सुरीले जुनीलाई भनेकी हो। | 3 |
| iv. | मोतीका काकाले मोतीलाई "लुगा पोलेर पनि प्रायश्चित हन्छ र? आमाले दिएको अर्ति बुद्धिमा अब यो जीवन ढाल्ने कोशिश पो गर्नुपर्छ। आमा बाबु बाँचुञ्जेल आँखा देख्दैनौ नानी हो।" भनेर सम्झाएका थिए। | 3 |
| 8. | **निम्नलिखित प्रश्नहरूमध्ये कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस्।** | |
| i. | राजेन्द्र भण्डारीका माता र पिताको नाम सावित्री भण्डारी र भगीरथ भण्डारी। | 2 |
| ii. | इन्द्रबहादुर राईका दुई कृतिहरू: कथास्था, आज रमिता छ। | 2 |
| iii. | लक्खीदेवी सुन्दासको जन्म कलकत्तामा, सन् १९३४को २७ मार्चको दिन भएको थियो। | 2 |
| 9. | भूमिका-01<br>मुख्य विषय- 02<br>निष्कर्ष- 01<br>शब्द सीमा– 01 | 5 |
| 10. | ठेगाना र तारीक- 01<br>सम्बोधन- 0.5<br>पत्रको मुख्य भाग- 02 | 5 |

| | | |
|---|---|---|
| | निष्कर्ष- 0.5<br>खाममा लेख्नुपर्ने पाउनेको नाम र ठेगाना-01 | |
| **11.** | निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस्।<br>नानीहरू खेलिरहेका छैनन्।<br>तिमी उत्तीर्ण हुनेछौ।<br>तिमीले उसलाई पठाएका छैनौ।<br>मेरी आमाले मलाई खाना पकाइदिनु हुँदैछ। | **4** |